जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १७३ २०८२ साल माघ २६ गते सोमबार (9 Feb 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : हरित निर्वाचनको नयाँ ... ३ पृष्ठमा : सामाजिक सद्भाव र सहअस्तित्व ... ३ पृष्ठमा : बङ्गलादेश चुनाव र ...

## सुशासन र स्थिर सरकारका लागी मेरो उम्मेदवारी : रास्वपा उम्मेदवार साह



**दैनिक समाचारदाता राजविराज, २५ माघ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधीसभा सदस्य निर्वाचनका लागि रास्वपाबाट सप्तरी क्षेत्र नं. ४ बाट उम्मेदवारी दिएका सीताराम साहले सुसासन र स्थिर सरकारका लागी आफुले उम्मेदवारी दिएका बताएका छन्।

उम्मेदवार साहले पत्रकार सम्मेलनको आयोजना गरी क्षेत्रको विकास र समाज सेवाका लागी आफु सरकारी जागिर छाडेर राजनीतिमा होमिएको बताए। उनले क्षेत्रको विकासका लागी चुरे संरक्षण, खाँडो समस्या समाधान, शिक्षा, कृषि र स्वास्थ्य क्षेत्रमा क्रान्तिकारी सुधार देखी भ्रष्टाचार नियन्त्रण, शुसासन र स्थित सरकारका लागी काम गर्ने आफनो प्रतिबद्धता पत्रमा समेटेका छन।

काँग्रेसको क्षेत्रिय सभापति पद परित्याग गरेर रास्वपाबाट उम्मेदवार बनेका उनले क्षेत्रको एकिकृत विकासका लागि सबै क्षेत्रवासीसंग मिलेर अघि बढ्ने प्रतिवद्धता समेत व्यक्त गरे।

सार्वजनिक गरिएको खाकामा चुरे क्षेत्रको संरक्षण, खाँडो समस्याको दिर्घकालिन समाधान, सुनकोशी-खाँडो डाइभर्सन, हाइड्रोपावर, स्वच्छ खानेपानी, विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, गुणस्तरीय शिक्षा, गरिबी, विपन्न समुदायका विद्यार्थीलाई छात्रवृत्ति, यूवाको विदेश पलायन रोक्न रोजगार, विभिन्न सडकको स्तरोन्नती र पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिक्तामा राखेका छन्।

यस्तै भ्रष्टाचार नियन्त्रण, सुशासन र स्थिर सरकारको ग्यारेन्टी पनि उनले आफनो प्रतिबद्धता पत्रमा समेटेका छन। क्षेत्रको एकिकृत विकासका लागी सबै क्षेत्रवासी एक भएर अघि बढ्न सके आफ्नो खाकाले सार्थकता पाउने साहको विश्वास छ।

पत्रकार सम्मेलनमा जेनजी आन्दोलनका क्रममा घाइते भएका सप्तरीको बोदेर्बसाईन नगरपालिका १ धनगढीका २६ वर्षिय विकास कुमार यादव पनि सहभागि थिए। उनले भ्रष्टाचार अन्त्य र सुसासनका लागी जेनजी आन्दोलन भएको भन्दै मुलुकमा परिर्वतन र सुधारका लागी राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारलाई विजयी बनाउन आग्रह गरेका थिए। उनले देशका जेनजी (नवयुवा) एक जुटभई राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा लागेको दाबी समेत गरे।

१ लाख ९ हजार ५ सय ६६ मतदाता रहेको यस निर्वाचन क्षेत्रमा साहसंगै नेपाली काँग्रेसका तेजुलाल चौधरी, नेकपा एमालेबाट गंगा प्रसाद चौधरी, जसपा नेपालका डा बवि सिंह यादव, नेकपाका रुबी कर्ण, जनमत पार्टीबाट जितेन्द्र कुमार साह, नागरिक उन्नमुक्ति पार्टीबाट रामाकान्त चौधरी, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रुपकुमार न्यौपाने लगायत २६ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन्।

## मोटरसाइकलको ठक्करबाट पैदलयात्रुको मृत्यु, दुई घाइते

**दैनिक समाचारदाता राजविराज, २५ माघ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रुको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन्।

नगरपालिकाको वडा नं. १० जमुवा स्थित कठौना-पातो सडक खण्डमा शनिवार साँझ भएको दुर्घटनामा सोही ठाउँका ६८ बर्षीय रामबाबु मण्डलको मृत्यु भएको हो।

कठौनाबाट राजपुरतर्फ जाँदै गरेको प्रदेश २-०१-००१ प ५०४५ नम्बरको मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिदा मण्डल गम्भीर घाइते भएका थिए। उनलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएकोमा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

सोही दुर्घटनामा मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका ११ बस्ने २२ वर्षीय राम अवतार मण्डलको र पछाडि सवार सोही ठाउँका १६ वर्षीय विशाल कुमार मण्डल घाईते भएकोले दुवै जनाको सोही अस्पतालमा उपचार भईरहेको उनले बताए।

दुर्घटनामा संलग्न मोटरसाइकल नियन्त्रणमा रहेको र मोटरसाइकलमा पछाडि सवार १८ वर्षीय सुरज मण्डललाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ

काठमाडौँ, २५ माघ (रासस)।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ३७ जिल्लाका ८८ निर्वाचन क्षेत्रको मत छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ।

आइतबारसम्म एक करोड नौ लाख ६३ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो। हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत र बर्दघाट सुस्ता पश्चिम नवलपरासी गरी ३७ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो। यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उहाँले बताउनुभयो।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ्ग तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ।

## स्रोत नखुलेको १३ लाख रकमसहित एक पक्राउ

**दैनिक समाचारदाता राजविराज, २५ माघ।**

मोटरसाइकलको फिल्टर बक्स र हेल्मेटमा लुकाई राखी ल्याउँदै गरेका स्रोत नखुलेको रकमसहित सप्तरी प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

जिल्लाको बलानबिहुल गाउँपालिकाबाट आइतबार स्रोत नखुलेको १३ लाख रकमसहित प्रहरीले सिरहाको भगवानपुर गाउँपालिका वडा नं. ४ घर भएका २३ बर्षीय हरिशंकर कुमार साहलाई पक्राउ गरेको हो।

सो गाउँपालिकाको वडा नं.४ स्थित बेल्ही-चन्ही सडक खण्डमा आइतबार विहान ११ बजेतिर चेकजाँचको क्रममा उक्त रकमसहित साहलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

बलानबिहुलस्थित बेल्हीदेखि चन्ही तर्फ गईरहेको प्र०२-०१-००२प४४८१ नम्बरको मोटरसाईकलमा फिल्टर बक्स र हेलमेटमा लुकाई छिपाई ल्याउँदै गरेको १३ लाख रुपैयाँ सहित साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिए।

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं।

निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### लामखुट्टेको प्रकोप बढ्दै, स्वास्थ्यमा ध्यान दिऔं

मौसम परिवर्तनसँगै अहिले लामुखट्टेको प्रकोप समेत बढ्दै गएको छ । बिस्तारै चिसोको मौसम हटेसँगै गर्मी को अनुभुती महसुस हुँदै गएको छ । गर्मी बढ्दै जाँदा अहिले विभिन्न खाले किरा तथा लामखुटेको प्रकोप समेत बढ्दै छ । फागुनदेखी बैशाख महिनासम्म अत्याधिक गर्मीका साथै हावाहुरी चल्ने मौसम पनि हो । यसबाहेक यसै महिनामा विभिन्न बोट बिरुवामा फल लाग्ने समय पनि हो । जसकारण विभिन्न खाले किरा र लामखुटे पनि बढी नै लाग्ने हुन्छ । किरा भन्दा बढी लामखुटेका कारण मानिसहरुलाई बस्न र सुत्न समस्या हुने गरेको छ । गर्मी बढेपछि लामखुटे लाग्नु स्वभाविकै हो ।

विगतमा त्यस्त किरा, लामखुट्टे लगायत नियन्त्रणका लागि औषधी छर्ने काम हुनेगर्थ्यौ । तर, स्वास्थ्य कार्यालय अहिले स्थानिय पालिकाको मातहतमा समावेश भएपछि जनताको स्वाथ्यमा पर्ने असर बारे कुनै चासो देखाउने गरेको छैन । विगतमा वर्षाको पानी जम्ने स्थानमा महामारी फैलिन नदिन, गर्मीमा लामखुटे नियन्त्रणका लागि तथा विभिन्न नालाहरुमा जमेको दुषित पानीका कारण रोग फैलिन नदिन समय समयमा किटनाशक औषधी छर्किने गरिन्थ्यो । तर, अहिले त्यस्ता कुनै कार्यलाई प्राथमिकतामा राख्ने गरिदैन् ।

तसर्थ जनताको स्वास्थ्यको ख्याल गर्न स्वास्थ्य कार्यालय र त्यस मातहतका कार्यालय र स्थानिय पालिकाले अभिभावकको जिम्मेवारी बहन गर्न अहम भूमिका निर्वाह गर्नुपर्छ । विकासको पाटोलाई समेत ध्यानमा राख्दै जनताको स्वास्थ्यलाई समेत ख्याल गर्नु पनि उत्तिकै जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हरित निर्वाचनको नयाँ अभ्यास

**कृष्ण अधिकारी**
काठमाडौं, २५ माघ ।

पहिले जतातत्तै पर्चा, पम्पलेट, तुल व्यानरदेखि चर्को आवाजमा माइकिङका स्वरहरुले निर्वाचन आएको प्रष्ट थाहा हुन्थ्यो । स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनमा मात्र नभई राजनीतिक दलका भ्रातृ सङ्गठन, पेशागत सङ्गठनदेखि सामुदायिक संस्थाहरुका निर्वाचनका प्रचारहरु पनि निकै तामझम हुने गर्दछन् । निर्वाचन आउनु महिनौँअघिदेखि नेताहरु घरघरमा आउने, चोक, केन्द्रहरुमा आमसभा गर्ने, अनावश्यक भोजभतेर गर्ने, बढीभन्दा बढी मानिस उतारेर जुलुस गर्ने होडबाजी नै हुन्थ्यो । मतदातालाई प्रभावित पार्ने नाममा गरिने यस्ता प्रचारात्मक क्रियाकलापले ठूलो धनराशि खर्च हुनुका साथै वातावरणमा प्रतिकूल असर पार्ने भएकाले पछिल्लो समय क्रमशः निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित रुपमा सम्पन्न गर्न प्रचार सामग्रीलाई व्यवस्थित, फजुल खर्चमा नियन्त्रण र निर्वाचनको प्रचार अवधिलाई कम गरी वातावरणमैत्री अर्थात् हरित निर्वाचनतर्फ जोड दिन थालिएको छ ।

हरित निर्वाचन भन्नाले चुनावी प्रक्रियाको सुरुदेखि अन्त्यसम्म वातावरणीय दृष्टिले दिगो, जिम्मेवार र वातावरणीय प्रभावलाई न्यून गर्ने कार्यहरूलाई बुझाउँछ । निर्वाचनमा अत्यधिक प्रयोग हुने कागजलाई कम गर्न कागजरहित प्रक्रियामा जोड दिन सकिन्छ । आवश्यक परेको ठाउँमा पनि पुनःप्रयोग गर्न योग्य कागजको उपयोग गर्न सकिन्छ ।

त्यस्तै ई-मतदाता कार्ड, ई-ब्यालेटस्, क्युआरमा आधारित भोटिङ प्रणालीलाको अभ्यासलाई अपनाउन सकिन्छ । हरित निर्वाचनले बढ्दो वातावरणीय समस्यालाई कम गर्न निकै मद्दत पुग्दछ । यसमा निर्वाचनमा धेरै प्रयोग हुने कागज, ऊर्जा र यातायातबाट हुने प्रदूषणलाई कम गरी कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्न सकिन्छ । कम कागज, कम प्लास्टिक र ऊर्जा बचत हुँदा प्राकृतिक स्रोतको संरक्षणमा योगदान पुग्दछ । त्यतिमात्र होइन, निर्वाचनमा हुने धाँधली, अनियमितता र आर्थिक स्रोतको ठूलो दोहनलाई पनि घटाउन सकिन्छ । डिजिटल र स्मार्ट अभ्यासले लोकतन्त्रमाथि जनताको विश्वासलाई बढाउँछ । साथै, निर्वाचन आयोग, उम्मेदवार र मतदातामा निर्वाचनप्रतिको विश्वास र आस्था बढ्नुले शासन प्रणालीलाई नै पारदर्शी हुन बल पुग्दछ ।

**नेपालमा हरित निर्वाचनको थालनी**

नेपालमा निर्वाचनलाई लोकतान्त्रिक र समावेशी बनाउने प्रयास भए पनि वातावरणीय दिगोपना पक्षलाई पर्याप्त ध्यान दिइएको छैन । यसपटक निर्वाचन आयोगले निर्वाचनलाई वातावरणमैत्री बनाउन हरित निर्वाचनको अवधारणालाई अभ्यासमा ल्याएको छ ।

आयोगले एकातिर आफ्ना गतिविधिहरुलाई वातावरणमैत्री अभ्यास गर्ने र अर्कोतिर राजनीतक दलहरुलाई पनि यसतर्फ लाग्न अभिप्रेरित गरेको छ । हरित निर्वाचन वा 'ग्रिन इलेक्सन' को अवधारणाअनुरुप आयोगले वातावरणमा हानि पुऱ्याउने कागज, प्लास्टिक, इन्धनजस्ता सामग्रीको




न्यूनतम प्रयोग गर्दै डिजिटल, दिगो र प्रदूषणमुक्त माध्यमबाट निर्वाचन सम्पन्न गर्ने लक्ष्य लिएको छ । सकेसम्म प्रदूषण नफैलाउने, प्लास्टिकको कमभन्दा कम प्रयोग गर्ने, डिजिटाइजेसनमा जोड दिने र प्लास्टिकको प्रयोग नगरी नहुने अवस्थामा ४० माइक्रोनभन्दा माथिको प्लास्टिकको सीमित रूपमा प्रयोग गरिनुको साथै प्लास्टिकका सामग्री जस्तै मतपेटिका, पानीका जार, पानी खाने बोतल, कुर्सीटेबल, टेन्टहरू पुनःप्रयोगमा ल्याउने र भविष्यका लागि पनि पुनःप्रयोगमा जोड दिएको छ ।

राजनीतिक दल तथा उम्मेदवारलाई डिजिटल प्रचार, इलेक्ट्रिक सवारीसाधन र वातावरणमैत्री सामग्री प्रयोग गर्न सुझाव दिएको छ भने प्रचारपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । राजनीतिक दल वा तिनका उम्मेदवारले सभा, जुलुस, र्‍याली वा घरदैलोलगायतका निर्वाचन प्रचारप्रसारका कार्यक्रम सकिएपछि उनीहरूले प्रयोग गरेका सामग्री अनिवार्य रूपमा सङ्कलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

दल र उम्मेदवारले गर्ने निर्वाचन खर्चमा फोहर व्यवस्थापन र हरित उपायहरूलाई देखाउनुपर्ने गरी खर्चको शीर्षकको व्यवस्था गर्नु आवश्यक छ ।
निर्वाचन ऐन तथा नियमावलीमा हरित निर्वाचनको अवधारणा समावेश भएको छ । त्यसमा वातावरणमैत्री निर्वाचनको अभ्यासलाई कानुनी मान्यता दिइएको छ । निर्वाचन आचारसंहितामा हरित प्रावधान समावेश गरिएको छ । राजनीतिक दलका लागि न्यूनतम् हरित मापदण्ड निर्धारण गरिएको छ भने प्लास्टिक ब्यानर निषेध वा सीमा लगाइएको छ ।

डिजिटल प्रचारलाई प्राथमिकता दिइएको छ । निर्वाचन आचारसंहिता २०८२ को दफा ३६ को खण्ड (छ) अनुसार प्रचारप्रसारमा सम्भव भएसम्म इलेक्ट्रिक वा नवीकरणीय ऊर्जाबाट चल्ने साधन प्रयोग गर्नुपर्नेछ । आचारसंहिताको दफा २ (क ख) मा जैविक रूपमा नष्ट नहुने सामग्रीको न्यूनतम् प्रयोग गरी गरिने दिगो र प्रदूषणमुक्त निर्वाचनका रूपमा हरित निर्वाचनको परिभाषा गरिएको छ । दफा ३६ को खण्ड (क) अनुसार निर्वाचन प्रचारमा वातावरणमैत्री सामग्री मात्र प्रयोग गर्नुपर्ने उल्लेख छ ।

यस्तै खण्ड (ख) ले सभा वा जुलुस गर्दा वातावरणमा हानि नहुने सामग्री प्रयोग गर्न भनेको छ । भौतिक प्रचार सामग्रीको सट्टा डिजिटल माध्यमलाई प्राथमिकता दिनुपर्ने खण्ड (ग) मा उल्लेख छ । खण्ड (घ) बमोजिम ध्वनि र वायु प्रदूषण न्यूनीकरण गर्ने उपायहरू अपनाउनुपर्नेछ । त्यस्तै खण्ड (च) ले प्लास्टिक वा पोलिथिनजस्ता अजैविक सामग्री प्रयोगमा रोक लगाएको छ । "निर्वान प्रचारप्रसारका कार्यक्रममा सवारीसाधान प्रयोग गर्दा इलेक्ट्रिक वा नवीकरणकीय ऊर्जाबाट सञ्चालन हुने सवारीसाधनलाई प्राथमिकता दिनुपर्ने", सोही दफाको खण्ड (छ) मा भनिएको छ । प्रचार कार्यक्रम सकिएपछि प्रयोग भएका सामग्रीको उचित व्यवस्थापन गर्ने जिम्मेवारी दफा ३६ को खण्ड (ज) ले सम्बन्धित दल वा उम्मेदवारलाई सुम्पेको छ । "सभा, जुलुस, र्‍याली वा घरदैलोजस्ता निवार्चन प्रचारप्रसारका कार्यक्रम सकिएपश्चात् सम्बन्धित दल तथा उम्मेदवारले प्रयोग गरेका सामग्रीहरू अनिवार्य रूपमा संकलन गरी वातावरणमैत्री तवरले उचित व्यवस्थापन गर्नुपर्ने", खण्ड (ज) मा भनिएको छ ।

डिजिटल तथा प्रविधिमैत्री निर्वाचन प्रणालीअन्तर्गत डिजिटल मतदाता दर्ता र सूचना प्रणालीको थालनी भएको छ । सामाजिक सञ्जाल, वेबसाइट, मोबाइल सार्वजनिक बहस र भर्चुअल संवाद गर्न सकिन्छ । उम्मेदवारहरुलाई छपाइ सामग्रीमा सीमा, पोस्टर/पम्पलेटको सङ्ख्या निर्धारण गरिएको छ भने हरित आचारसंहिता उल्लङ्घन भएमा जरिवाना वा सुविधा कटौतीजस्ता दण्डको व्यवस्था गरिएको छ । पुनःप्रयोगयोग्य कागजको प्रयोगलाई अनिवार्य बनाइएको छ ।

कागजी सूचनाको प्रयोग न्यूनीकरण गरी एसएमएस, मोबाइल एप र वेबसाइटबाट मतदाता जानकारी दिने काम भएको छ । विद्युत् सुविधा पुग्न नसकेका देशका दुर्गमा स्थानहरुका मतदान केन्द्रहरुमा हरित मतदान केन्द्रको अवधारणाअनुसार सौर्य ऊर्जायुक्त मतदान केन्द्र स्थापना, न्यून ऊर्जा खपत गर्ने भोटिङ मेसिनको प्रयोग, जैविक र अजैविक फोहर छुट्याउने 'रिसाइकल बिन'हरुको व्यवस्था गरी फोहोर व्यवस्थापन प्रणालीलाई प्रयोगमा ल्याउन सकिन्छ ।

मतदाताको सुविधाका लागि पैदल वा साइकलबाट पुग्न मिल्ने गरी मतदान केन्द्र नजिकै निर्धारण गर्ने, सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहन गर्ने, निर्वाचन कार्बन अडिटको व्यवस्था गरी कार्बन उत्सर्जन न्यूनीकरणमा जोड दिइएको छ । प्रत्येक निर्वाचनपछि वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने नयाँ प्रावधान सुरु गरिएको छ ।

निर्वाचनमा खटिएका कर्मचारीलाई दिइने तालिम, प्रशिक्षण तथा राजनीतिक दल र उम्मेदवारलाई दिइने अभिमुखीकरण कार्यक्रममा हरित निर्वाचनको महत्वका बारेमा अवगत गराउन थालिएको छ । 'हरित निर्वाचन : जिम्मेवार नागरिक सन्देशसहित मतदाता शिक्षा अभियान सञ्चालन गरिएको छ । क्यूआर कोडयुक्त डिजिटल कार्डको प्रयोग, कागजी मतपत्र घटाउँदै लैजाने, ईइडस्-मतदाता कार्डलाई प्रयोगमा ल्याउनेतर्फ सोचको विकासले आगामी दिनमा अन्य देशमा जस्तै नेपालमा पनि पूर्ण रुपमा वातावरणमैत्री निर्वाचन प्रणालीको अभ्यास हुनेछ ।

**विश्वव्यापी अभ्यास**

जलवायु परिवर्तनले आर्थिक, सामाजिकदेखि वातावरणीय क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न विश्वव्यापी रुपमा सचेतना बढ्दै गएको छ ।

यस क्रममा निर्वाचनलाई पनि वातावरणमैत्री बनाउन विभिन्न प्रयासहरुको थालनी भएका छन् । स्वीडेन, जर्मनी, फ्रान्सलगायतका युरोपका धेरै देशहरुले डिजिटल मतपत्र र अनलाइन मतदानलाई अभ्यासमा ल्याएका छन् । यसले कागजको प्रयोगमा कमी आउनुका साथै प्रचारका कामहरु पनि वातावरणमा स्वच्छता आएको छ । विद्युत्को पहुँच पुग्न नसकेका स्थानहरुमा पनि सौर्य ऊर्जाजस्ता नवीकरणीय ऊर्जामार्फत परम्परागत तथा खनिज इन्धनको खपतलाई कम गरिएको छ । मोबाइल/वेबद्वारा मतदातालाई सूचना तथा मतदाता शिक्षा कार्यक्रमहरु सञ्चालन भएका छन् ।

क्यानडा र अमेरिकाजस्ता देशहरुमा पनि ई-भोटिङलाई प्राथमिकता दिइएको पाइन्छ । निर्वाचनसँग सम्बन्धित विज्ञापन पनि डिजिटल स्वरुपमा हुने गर्दछ भने मतदातालाई दिइने सूचना वा प्रचारका विषयहरु इमेल, टेक्स्ट, वेबसाइटमार्फत गर्ने गरिन्छ । उम्मेदवारहरुले आफ्ना धारणाहरु सामाजिक सञ्जाल एवं भिडियो कन्फरेन्सिङ/भर्चुअलका माध्यमबाट राख्ने गर्ने गर्दछन् । निर्वाचनमा प्रयोग भएका कागजातहरु पनि त्यतिकै नष्ट नगरी पुनःप्रयोग वा रिसाइकल गर्न सकिन्छ भन्ने सोचको विकास भएको छ । छिमेकी मुलुक भारतलगायत देशहरुमा पनि विद्युतीय मतदान मेसिनको प्रयोग बढेसँगै कागजको खपतमा कमी आएको छ । मोबाइल एप/सोसल मिडियाहरुमार्फत मतदाता साक्षरताका कार्यक्रम सञ्चालन गरिएका छन् ।

भारतको केरलाको हरित अभियान २०१९ अनुसार केरलाको राज्य निर्वाचन आयोगले दलहरूलाई प्रचारप्रसार अभियानमा एकपटक मात्र प्रयोग हुने प्लास्टिक प्रयोग नगर्न आग्रह गरेको थियो । गोआ राज्यले सन् २०२२ मा विधानसभा निर्वाचन गर्दा 'नो-प्लास्टिक' नीति लागू गर्नुका साथै जैविक विविधता बोर्डले स्थानीय कारीगढहरूले बनाएका जैविक सामग्री प्रयोग गरी मतदान केन्द्र निर्माण गर्नुपर्ने निर्णय गरेको थियो ।

श्रीलङ्कामा कार्बन-संवेदनशील अभियान २०१९ अनुसार प्रत्येक जिल्लामा वृक्षरोपण गरेर उत्सर्जनलाई क्षतिपूर्ति गर्ने काम गरिएको थियो । त्यहाँका राजनीतिक दलले कार्बन 'सेन्सिटिभ इन्भारिमेन्ट फ्राइन्डली क्याम्पियन'

*बाँकी तीन पृष्ठमा*

# सामाजिक सद्भाव र सहअस्तित्व प्रवर्द्धनमा गृहमन्त्रीको जोड

काठमाडौँ, २५ माघ (रासस)।

गृहमन्त्री ओमप्रकाश अर्यालले समृद्ध नेपाल निर्माणमा सामाजिक सद्भाव र सहअस्तित्वको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ।

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानद्वारा काठमाडौँको राष्ट्रियसभागृहमा आयोजित प्रतिष्ठानको रजत जयन्ती तथा नेपाल आदिवासी जनजाति ज्ञान सम्मेलनमा उहाँले सरकार संविधानको मर्मअनुरुप समावेशी सिद्धान्त कार्यान्वयन गराउन कटिबद्ध रहेको बताउनुभयो।

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री अर्यालले नेपालको संविधानले परिकल्पना गरेको समावेशी भावलाई वास्तविक अर्थमा सरकारले लागू गर्दै आएको भन्दै आगामी दिनमा पनि निरन्तरता दिने उल्लेख गर्नुभयो।

नेपालको संविधानले आदिवासी जनजातिको अधिकार सुनिश्चित गरेको बताउँदै उहाँले सबै समुदायको अधिकार संरक्षण गर्ने दायित्व सरकारले निभाउँदै आएको प्रष्ट पार्नुभयो।

“राज्यको नीतिनिर्माण तहमा सबै समुदायको सहभागिता वृद्धि गर्न सरकार निरन्तर अग्रसर छ”, गृहमन्त्रीले भन्नुभयो, “समानुपाति समावेशी सिद्धान्त संविधानको मूल मर्म हो। यसलाई बचाउनु सबैको कर्तव्य हो।”

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले विकास र समृद्धिको काम गर्दा सरकारले आदिवासी जनजातिको सांस्कृतिक, भाषिक, भौतिक ज्ञानको संरक्षण र प्रवर्द्धनमा जोड दिनुपर्ने बताउनुभयो।

प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले आदिवासी जनजातिको पुर्ख्यौली ज्ञान, सीपको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले तीनदिने सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो। तीनदिने सम्मेलनमा आदिवासी जनजातिका परम्परागत ज्ञानमाथि छलफल हुनुका साथै छलफलबाट निस्किएको निष्कर्षले राज्यको नीतिनिर्माण तथा रुपान्तरण गर्न सहयोगी भूमिका निर्वाह गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। महोत्सव यही माघ २७ गतेसम्म सञ्चालन हुनेछ।

त्यसैगरी, नेपाल आदिवासी जनजाति महासङ्घका अध्यक्ष गेल्जे लामा शेर्पाले राज्यले आदिवासी जनजातिको परम्परागत संस्कृति र ज्ञानलाई पुस्तान्तरण गर्दै प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो। “हाम्रा कला र संस्कृति लोप हुँदैछन्, विकासका नाममा आदिवासीको मर्म मार्न पाइँदैन। सबैको कला, संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व हो”, उहाँले भन्नुभयो।

## *हरित निर्वाचनको ...*

सुरु गरेका थिए। एसएलपिपी दलले विश्वकै पहिलो कार्बन-संवेदनशील अभियानसँगै गाडी र बिजुली प्रयोगबाट निस्कने कार्बन उत्सर्जन मापन गरेको थियो। फिलिपिन्समा निर्वाचन आयोगलगायतका संस्थाहरुले सुरु गरेको ‘इन्भारिमेन्टली सस्टेनेवल प्रोपागान्डा’ निकै प्रभावकारी मानिएको छ। इन्डोनेसियामा डिजिटल प्रचारको प्रयोग र भौतिक प्रचार सामग्री घटाउनेजस्ता कार्यक्रममा जोड दिइएको छ। दक्षिण कोरियामा निर्वाचन व्यवस्थापन तथा राजनीतिक दल तथा उम्मेदवारले गर्ने प्रचारप्रसार कार्यक्रम सूचना प्रविधिमैत्री हुनुपर्ने व्यवस्था छ।

हाम्रोजस्ता देशका लागि हरित निर्वाचनका लागि भने केही चुनौतीहरू नभएका होइनन्। सबै मतदातासँग इन्टरनेट/स्मार्टफोनको पहुँच नहुँदा निर्वाचनको प्रचारप्रसार र मतदाता शिक्षालाई विस्तृत रुपमा लैजान कठिनाइ हुन्छ। निर्वाचनपछि थुप्रिने प्लास्टिक तथा कागजी फोहरलाई उचित व्यवस्थापन गर्नुपर्ने हुन्छ। निर्वाचनमा करोडौँ मतपत्र, पोस्टर, ब्यानरको प्रयोग हुने गर्दछ। हाम्रोजस्ता भौगोलिक विकट भएको मुलुकमा निर्वाचनका लागि आवश्यक सामग्रीहरु प्रत्येक केन्द्र वा बुथसम्म पुऱ्याउन हजारौँ सवारीसाधन आवश्यकपर्ने हुँदा ठूलो परिणाममा इन्धनको खपत हुने गर्दछ। अनलाइन भोटिङ गर्दा सुरक्षा जोखिम (ह्याकिङ, डाटा चोरी) को पनि नहोला भन्न सकिन्न। नेता, कार्यकर्ता, मतदातादेखि निर्वाचनमा खटिने कर्मचारी तथा सुरक्षाकर्मी सबैलाई नयाँ प्रविधिको प्रयोगमा अभ्यस्त बनाउनु पनि उत्तिकै आवश्यक हुन्छ। कानुनी रुपमै डिजिटल मतदानलाई मान्यता दिने गरी नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ। कतिपय देशमा अपनाइएका अभ्यासहरु हाम्रो सन्दर्भमा त्यति उपयुक्त नहुन पनि सक्छ। तथापि, हरित निर्वाचनको अभ्यासले निर्वाचन खर्च घट्ने, वातावरणीय क्षति न्यून हुने, अन्तरराष्ट्रिय छविमा सुधार आउने, युवाको सहभागिता वृद्धि हुने र अन्ततः दिगो लोकतन्त्रको आधार निर्माणमा सहयोग पुग्ने भएकाले यसलाई आत्मसात गर्नु हरेक दृष्टिले उपयुक्त देखिन्छ।

अन्त्यमा लोकतान्त्रिक प्रक्रियामा वातावरणीय दायित्वलाई बोध हुने गरी विश्वभरि हरित निर्वाचनको अभ्यासमा जोड दिन थालिएको छ। हरित निर्वाचन केवल भोट हाल्ने नयाँ तरिका मात्र होइन- यो दिगो लोकतन्त्रको भविष्य हो, जसले पृथ्वी तथा नागरिक दुवैलाई लाभ पुग्दछ। सरकारको हरित विकासको रणनीतिलाई आयोगको हरित निर्वाचन अभियानले सहयोग पुग्ने अपेक्षा गरिएको छ। राजनीतिक पार्टीहरु यतिबेला आफ्ना घोषणापत्र तयार गरी मतदाताका घरदैलोमा जाने तरखर गरिरहेका बेला वातावरणप्रति आफ्नो पार्टीको स्पष्ट दृष्टिकोणसहित जान सक्नुपर्छ र मतदाताले पनि यसबारेमा पार्टीहरुलाई खबरदारी गर्न सकेमा हरित निर्वाचन अभियानलाई सफल तुल्याउन सकिन्छ।

# महादेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बथनाहा, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

## शिलबन्दी दरभाउ-पत्र स्वीकृत गर्ने आशयको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०८२/१०/२६)**

यस कार्यालयको देहायको योजना निर्माण कार्य गर्नका लागि मिति २०८२/१०/७ गते राजविराज दैनिक तथा आजको जनपुकार राष्ट्रिय दैनिक पत्रिका मार्फत आह्वान भएको शिलबन्दी दरभाउ-पत्रको सूचना बमोजिम पेश भएका दरभाउ-पत्रहरुको आर्थिक पक्षको मुल्यांकन गर्दा तपशिल बमोजिमको बोलपत्रदाता न्युन्तम मुल्यांकित सारभूतरुपमा प्रभावग्राहीदेखिन आएकोले स्वीकृतिको लागि सिफारिस भइ आएकोमा सार्बजानिक ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ दरभाउपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | शिलबन्दी दरभाउ-पत्र प्याकेज नम्बर | बोलपत्रदाता को नाम ठेगाना | कबोल रक( Including VAT & PS - Nrs.) |
|---|---|---|---|
| १. | **MRM/SQ/WORKS/2082-083/3(रामजानकी मन्दिरको अधुरो सामुदायिक भवन निर्माण )** | यक्ष कन्स्ट्रक्सन एण्ड सप्लायर्स महादेवा-६, ससरी | रु.१९,०८,४३६।०६ |
| २. | **MRM/SQ/WORKS/2082-083/4(महादेवा वडा नं.-६ अन्तर्गत सिंचाइको लागि बोरिंग जडान)** | रिद्धिमा कन्स्ट्रक्सन राजबिराज-२ ,ससरी | रु.१४,०८,२३७।४६ |
| ३. | **MRM/SQ/WORKS/2082-083/5(हरि पण्डित घर नजिक नाला निर्माण तथा सडक ढलान )** | एलिशा निर्माण सेवा कोशी-२, सुनसरी | रु.१८,६०,२९०।४७ |

..............................

प्रमुख प्रशासकीय अधिकृत

# विश्व समाचार

## बङ्गलादेश चुनाव र शक्ति सन्तुलन

नयाँदिल्ली, २५ माघ (रासस/एएफपी)।

अर्को हप्ता हुने बङ्गलादेशको निर्वाचनले भारतसँगको सम्बन्धलाई परीक्षण गर्ने र चीनको प्रभावलाई थप गहिरो बनाउने सम्भावना रहेको विश्लेषकहरूले बताएका छन्। बेइजिङले दक्षिण एसियामा आफ्नो पहुँच विस्तार गर्न खोजिरहेका बेला यो चुनावले क्षेत्रीय शक्ति सन्तुलनलाई पुनः आकार दिन सक्ने उनीहरूको ठहर छ।

अगस्ट २०२४ मा विद्यार्थी नेतृत्वको जनविद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको शासन अन्त्य भएको थियो। त्यसपछि फेब्रुअरी १२ मा हुने निर्वाचन बङ्गलादेशको पहिलो आम चुनाव हो। भारतले प्रत्यर्पण अनुरोध अस्वीकार गर्दै हसिनालाई शरण दिएको विषयले नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको ढाकाकाप्स्‌ अन्तरिम सरकार असन्तुष्ट बनेको छ। यसले चीन र पाकिस्तानसँगको सम्बन्धलाई तीव्र बनाएको देखिन्छ।

सत्र करोड जनसङ्ख्या भएको मुस्लिम बहुल राष्ट्र बङ्गलादेशले हसिनाको शासनकालमा चीनसँग व्यापार र रक्षा सम्बन्ध बलियो बनाएको थियो। यद्यपि त्यस अवधिमा नयाँदिल्ली ढाकाको प्रमुख साझेदार मानिन्थ्यो। यो सन्तुलन अहिले परिवर्तनतर्फ गएको विश्लेषकहरूको भनाइ छ। अमेरिकास्थित काउन्सिल अन फरेन रिलेसन्सका वरिष्ठ फेलो जोशुआ कुर्लेन्ट्जकका अनुसार अन्तरिम र भावी सरकार चीनतर्फ झुकेको देखिन्छ। बङ्गलादेश बङ्गालको खाडी क्षेत्रमा चीनको रणनीतिक सोचको केन्द्र बन्दै गएको र ढाकाले चीन समर्थक भूमिका खेल्ने विश्वास बेइजिङमा बढेको उहाँले बताउनुभयो।

युनुसको पहिलो राजकीय भ्रमण चीनमा हुनु र जनवरीमा भारत नजिकैको प्रस्तावित उत्तरी एयरबेसमा ड्रोन प्लान्टसम्बन्धी रक्षा सम्झौता हुनु यस परिवर्तनको सङ्केतका रूपमा हेरिएको छ। ढाका विश्वविद्यालयका देलवर हुसेनले चुनावको नतिजा जे भए पनि बङ्गलादेश-चीन सम्बन्ध अझ गहिरो हुने सम्भावना उच्च रहेको बताउनुभयो।

यसको विपरित, हसिना अपदस्थ भएयता नयाँदिल्ली र ढाकाबीच तनाव देखिएको छ। भारतले बङ्गलादेशमा हिन्दू अल्पसङ्ख्यकमाथि हिंसा भएको भन्दै चिन्ता व्यक्त गरेको छ भने ढाकाले हिंसाको परिमाण बढाइचढाइ गरिएको आरोप लगाएको छ। सन् २०२५ मा साम्प्रदायिक हिंसामा करिब ७० अल्पसङ्ख्यकको मृत्यु भएको प्रहरी तथ्याङ्कले देखाउँछ।

तर मेलमिलापका प्रयास पनि भएका छन्। भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले जनवरीमा ढाका भ्रमण गर्नुभयो भने प्रधानमन्त्री नरेन्द्र मोदीले विपक्षी नेता खालिदा जियाको निधनमा शोक सन्देश पठाउनुभयो। यद्यपि एक बङ्गलादेशी क्रिकेटरलाई इन्डियन प्रिमियर लिगबाट हटाइएपछि बङ्गलादेशले भारतमा हुने टि-२० विश्वकपबाट पछि हट्ने निर्णयले सम्बन्ध थप चिसिएको थियो।

अन्तर्राष्ट्रिय सङ्कट समूहका प्रवीण डोन्टीका अनुसार दुवै पक्ष बिग्रिएको सम्बन्ध नसम्हाल्नुको लागतबारे सचेत छन्। ढाकाले पाकिस्तानसँग प्रत्यक्ष उडान पुनः सुरु गरे पनि नयाँ सरकारले नयाँदिल्लीसँगको सम्बन्ध कमजोर नबनाई इस्लामाबादसँग सम्बन्ध सामान्य बनाउने सम्भावना रहेको विज्ञहरूको धारणा छ।

सेवानिवृत्त कूटनीतिज्ञहरूले चीनसँगको बढ्दो सहकार्यले अनिवार्य रूपमा भारतसँग शत्रुता बढाउँछ भन्ने निष्कर्ष सही नहुने बताएका छन्। उनीहरूका अनुसार व्यापार, पूर्वाधार र आपूर्तिका आवश्यकता हेर्दा बङ्गलादेशले दुवै शक्तिसँग सन्तुलित सम्बन्ध राख्न सक्ने आधार अझै कायम छ।

## इरानले अमेरिकी वार्तामा कडा अडान दोहोऱ्यायो

दुबई, २५ माघ (रासस/एपी)।

इरानका शीर्ष कूटनीतिज्ञले आइतबार तेहरानको शक्ति ‘महान शक्तिहरूलाई होइन भन्न सक्ने क्षमता’ बाट आएको दाबी गर्दै अमेरिकी वार्ताप्रति कडा अडान प्रस्तुत गरेका छन्। आफ्नो आणविक कार्यक्रमलाई लिएर संयुक्त राज्य अमेरिकासँग संवाद भइरहेका बेला र देशभित्र विरोध चर्किएको पृष्ठभूमिमा उक्त टिप्पणी आएको हो।

तेहरानमा आयोजित शिखर सम्मेलनमा कूटनीतिज्ञहरूसँग बोल्दै विदेशमन्त्री अब्बास अराघचीले इरान युरेनियम संवर्धन गर्न सक्षम हुनैपर्ने अडानमा कायम रहने सङ्केत दिनुभयो। यही विषय १२ दिनसम्म चलेको इरान-इजरायल युद्ध र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको तीव्र विवादको केन्द्रमा रहेको थियो।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले शुक्रबार ओमानमा अमेरिकी पक्षसँग भएको वार्तालाई ‘एक कदम अगाडि’ भएको बताउनुभएको भए पनि अराघचीका भनाइले आगामी वार्ता सजिलो नहुने सङ्केत गरेको छ। यसबीच संयुक्त राज्य अमेरिकाले विमान वाहक युएसएस अब्राहम लिङ्कन, युद्धपोत र लडाकू विमानहरू मध्यपूर्वमा तैनाथ गरेको छ, जसलाई ट्रम्प प्रशासनले दबाबको माध्यमका रूपमा लिएको छ।

अराघचीले इस्लामिक गणतन्त्रको शक्ति बदमाशी, प्रभुत्व र बाह्य दबाबविरुद्ध उभिन सक्ने क्षमतामा रहेको बताउनुभयो। उहाँले ‘आणविक बम’ शब्दलाई प्रतीकात्मक रूपमा प्रयोग गर्दै इरान कुनै बम बनाउन नलागेको तर शक्तिहरूलाई अस्वीकार गर्न सक्ने क्षमताकै कारण डर पैदा भएको दाबी गर्नुभयो।

इरानले लामो समयदेखि आफ्नो आणविक कार्यक्रम शान्तिपूर्ण रहेको बताउँदै आएको छ। तर पश्चिमी देशहरू र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार सन् २००३ सम्म इरानसँग बम विकाससम्बन्धी सङ्गठित सैन्य कार्यक्रम थियो। इरानले ६० प्रतिशतसम्म युरेनियम संवर्धन गरिरहेको छ, जुन हतियारस्तरभन्दा केही कम हो।

राष्ट्रपति पेजेस्कियानले सामाजिक सञ्जालमा वार्तालाई क्षेत्रीय मित्र राष्ट्रहरूको मध्यस्थतामा भएको प्रगति भन्दै शान्तिपूर्ण समाधानका लागि संवाद नै इरानको रणनीति रहेको उल्लेख गर्नुभयो। तर उहाँले इरानी राष्ट्रले बलको भाषा स्वीकार नगर्ने स्पष्ट गर्नुभयो।

दोस्रो चरणको वार्ता कहिले र कहाँ हुने भन्ने अझै स्पष्ट छैन। वार्ताकै समयमा अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख ब्राड कुपर ओमानमा उपस्थित हुनु अमेरिकी सैन्य दबाबको सङ्केतका रूपमा हेरिएको छ।

अराघचीले विगतका वार्ताका क्रममा पनि अमेरिकी आक्रमण भएको अनुभव स्मरण गर्दै यदि वार्तामा एक कदम पछि हटे स्थिति कहाँ पुग्छ भन्ने अनिश्चित रहेको चेतावनी दिनुभयो।

# पिएम कपमा सप्तरीको दोस्रो जित




**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

राजविराजमा संचालिते प्रधानमन्त्री कप एकदिवसीय प्रदेशस्तरीय क्रिकेट छनोट प्रतियोगिता अन्तर्गत आइतबार सम्पन्न खेलमा सप्तरीले महोत्तरीलाई ३ विकेटले पराजित गरेको छ। यो सप्तरीको लगातार दोस्रो जित हात हो।

टस जितेर सप्तरीले पहिले फिल्डिङ रोजेको थियो। ब्याटिङको निम्तो पाएको महोत्तरीले निर्धारित ५० ओभरको खेलमा ४५ ओभर ३ बलमा सबै विकेट गुमाएर १ सय ६५ रनको योगफल खडा गरेको थियो। महोत्तरीका लागि नवीन कुमार यादवले सर्वाधिक ३९ रनको योगदान दिए भने अभिषेक अधिकारीले ३२, अभिषेक तिवाडीले २१ र आदित्य मण्डलले ११ रन जोडेका थिए।

बलिङतर्फ सप्तरीका अभिषेक कार्कीले ३, नितेश यादव र अजय यादवले समान २/२ विकेट लिएका थिए। १ सय ६६ रनको लक्ष्य पछ्याएको सप्तरीले ३८ ओभर २ बलमा ७ विकेट गुमाउँदै उक्त लक्ष्य पुरा गर्‍यो।

सप्तरीका लागि भोला साहले ३०, पप्पु यादव (बि) ले २९, रोहन बिकले २६, अभिषेक कार्कीले २३ तथा रोबिन सिंहले १८ रन बनाएका थिए। बलिङतर्फ महोत्तरीका रमेश सहनीले ४, नितेश यादवले २ र आकाश मण्डलले १ विकेट हात पारेका थिए।

खेलको उत्कृष्ट प्रदर्शनका आधारमा सप्तरीका अभिषेक कार्की 'प्लेयर अफ द म्याच' घोषित भए। उनलाई सप्तरी क्रिकेट संघका सदस्य बिरेन्द्र यादवले नगद १ हजार ५ सय रुपैयाँसहित कप प्रदान गरेका थिए।

सप्तरी क्रिकेट संघको आयोजनामा भइरहेको प्रतियोगिताबाट छनोट भएका खेलाडीहरूले आगामी प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनेछन्।

# जनकपुरधाममा आचारसंहिता उल्लङ्घन गर्ने १५०० बढी सामग्री हटाइयो

धनुषा, २५ माघ (रासस)।

जनकपुरधाम क्षेत्रमा निर्वाचन आचारसंहिताविपरीत सार्वजनिक स्थानमा टाँसिएका पोस्टर, ब्यानर, स्टिकर तथा झण्डा हटाइएको छ। निर्वाचन कार्यालयमा पटकपटक उजुरी परेपछि सम्बन्धित राजनीतिक दल र उम्मेदवारलाई आफैं प्रचार सामग्री हटाउन आग्रह गरिएको थियो।

उक्त आग्रहको बेवास्ता भएपछि शनिबार जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र अनुगमन गर्दै एक हजार ५०० भन्दा बढी अवैध प्रचार सामग्री हटाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

प्रहरीका अनुसार सार्वजनिक स्थान, बिजुलीका पोल, पर्खाल तथा सरकारी संरचनामा टाँसिएका प्रचार सामग्री निर्वाचन आचारसंहिताविपरीत ठहरिएका हुन्। अनुगमनका क्रममा सबैभन्दा बढी आचारसंहिता उल्लङ्घन गर्ने दलका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले जानकारी दिनुभयो।

निर्वाचन कार्यालयले आचारसंहिता पालना नगर्ने दल तथा उम्मेदवारमाथि कानुनी कारवाही हुनसक्ने चेतावनी पनि दिएकाले नियमित अनुगमन भइरहेको उहाँले बताउनुभयो।

साथै निष्पक्ष, स्वतन्त्र र स्वच्छ निर्वाचन सुनिश्चित गर्न सबै पक्षलाई जिम्मेवार बन्न स्थानीय प्रशासन, प्रहरीलगायत सरोकार भएका निकायले आग्रह गरेका छन्। प्रशासनले आगामी दिनमा पनि अनुगमनलाई निरन्तरता दिने र उल्लङ्घन दोहोरिए कडा कारबाही गर्ने स्पष्ट पारेको छ।

# मधेसी आयोगद्वारा सातौं वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेस

धनुषा, २५ माघ (रासस)।

मधेसी आयोगले आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गरेका गतिविधि, पहल र उपलब्धि समेटिएको सातौं वार्षिक प्रतिवेदन मधेस प्रदेश प्रमुख डा सुरेन्द्रलाभ कर्णसमक्ष प्रस्तुत गरेको छ। प्रदेश प्रमुखको कार्यालयमा आइतबार आयोजित कार्यक्रममा आयोगका अध्यक्ष जीवछ साहले नेपालको संविधानको धारा २९४ को उपधारा (३) अनुसार आव २०८१/८२ को वार्षिक प्रतिवेदन पेस गर्नुभएको हो।

प्रतिवेदनमा मधेसी समुदायको अधिकार संरक्षण, सामाजिक न्यायको प्रवर्द्धन, समावेशी विकास तथा नीतिनिर्माणका क्षेत्रमा आयोगले गरेका कामकारबाहीलाई विस्तृत रूपमा समेटिएको छ। कार्यक्रममा प्रदेश प्रमुख कर्णले मधेसी समुदायको हकहित सुनिश्चित गर्न आयोगको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। उहाँले प्रतिवेदनमा समावेश गरिएका सुझाव र निष्कर्षलाई कार्यान्वयन गर्न सम्बन्धित निकायले गम्भीर ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो।

प्रतिवेदनले मधेसी समुदायको समग्र विकास, अधिकार प्रवर्द्धन तथा राज्यका नीति र कार्यक्रमलाई थप प्रभावकारी बनाउन मार्गदर्शन गर्ने विश्वास लिइएको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव सत्रुधन यादवले जानकारी दिनुभयो। कार्यक्रममा प्रदेश सरकारका उच्च अधिकारी, मधेसी आयोगका पदाधिकारी तथा कर्मचारीहरूको उपस्थिति थियो।

# कसलाई मतदान गर्नुहुन्छ भनेर मतदाताको गोप्यता भङ्ग नगर्न आग्रह

काठमाडौँ, २५ माघ (रासस)।

सामाजिक सञ्जालको प्रयोग गरी र केही अनलाइन सञ्चारमाध्यमले सर्वसाधारण तथा मतदातासँग कसलाई मत दिनुहुन्छ भनेर मतदाताको गोपनियता भङ्ग गरेकामा जिल्ला निर्वाचन कार्यालय काठमाडौँले आपत्ति जनाएको छ।

निर्वाचन कार्यालयले निर्वाचन आचारसंहिताको पालना गर्न ध्यानाकर्षण गराउँदै मतदाताको गोपनियता भङ्ग गर्ने कार्य नगर्न/नगराउन अनुरोध गरेको हो।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ४ बमोजिम आचारसंहिता उल्लङ्घनको कार्य गरेको पाइएकाले त्यस्ता कार्यहरू नगर्न/नगराउन अनुरोध गर्दै त्यस्ता कार्य नरोकिए प्रचलित कानुनबमोजिम कारबाहीको प्रक्रिया अघि बढाइने उल्लेख गरेको छ।

उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा १७ दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार गर्न पाइने व्यवस्था छ। त्यसमा जुलुस, आमसभा वा कोणसभा गर्न, सञ्चारमाध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न, निर्वाचन प्रचारप्रसारका लागि घरलैलो कार्यक्रम गर्न पाइने व्यवस्था छ।

आचारसंहिताको यो व्यवस्था पूर्ण पालना गर्नका लागि पटकपटक छलफल, अन्तर्क्रिया र सूचना प्रकाशन गरी जानकारी गराइसकिएको भए तापनि कतिपय राजनीतिक दल, तिनका प्रतिनिधि र उम्मेदवारले उक्त व्यवस्थाको उल्लङ्घन गरिएको निर्वाचन कार्यालयले जनाएको छ।

निर्धारित समयअगावै कोणसभा गर्ने, प्रचारप्रसार गर्ने, प्रचारप्रसार सामग्री प्रकाशन तथा प्रसारण गर्ने र घरदैलो कार्यक्रम गरी मतदातालाई प्रभाव पार्ने काम गरिरहेको भन्ने जानकारी प्राप्त भएकाले त्यस्तो कार्य नगर्न/नगराउन निर्वाचन कार्यालयले ध्यानाकर्षण गराएको छ।

कोही कसैबाट आचारसंहिताको उल्लङ्घन गरी कुनै पनि तरिकाले प्रचारप्रसार गरेको प्रमाण प्राप्त भएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही प्रक्रिया अघि बढाइने निर्वाचन कार्यालयले सूचित गरेको छ।

आचारसंहिता अनुमगन अधिकृतहरू मुक्तिराम रिजाल, शिवराम भट्टराई, रोमाकान्त काफ्ले, मुनकुमार केसी, सुनिता सुवेदी र रुक्मागत अर्यालले संयुक्त रूपमा निर्वाचन आचारसंहिताको सम्पूर्ण पक्षका बारेमा ध्यानाकर्षण गराउनुभएको छ।

# प्राधिकरणले कर्मचारीलाई भन्यो : सामाजिक सञ्जाल प्रयोग गर्दा संस्थाको मर्यादाको ख्याल गर

काठमाडौँ, २५ माघ (रासस)।

नेपाल विद्युत् प्राधिकरणले आफ्ना कर्मचारीलाई सामाजिक सञ्जाल प्रयोग गर्दा संस्थाको मर्यादा र गरिमाको ख्याल गर्न सचेत गराएको छ।

प्राधिकरणमा कार्यरत कर्मचारीले प्राधिकरण कर्मचारी सेवा, शर्त, नियमावलीमा भएको आचरणसम्बन्धी व्यवस्थाको पालना सबै कर्मचारीको दायित्व भएको स्मरण गराएको छ।

पछिल्लो समय सामाजिक सञ्जालमा तथ्य प्रमाणित नभएका काल्पनिक, समाज र कार्यालयको प्रतिष्ठामा आँच पुग्ने गरी सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा नकारात्मक प्रभाव बढाउने खालका पोष्ट र प्रतिक्रिया एवम् कार्यालयका पत्रहरु समेत राख्ने प्रवृत्ति बढेकामा प्राधिकरणले आपत्ति जनाएको छ।

प्राधिकरणका कार्यरत कर्मचारीमा त्यस प्रकारको प्रवृत्ति निरुत्साहित गरी सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, व्यवस्थि र रचनात्मक बनाउन सबै पक्षको सकारात्मक भूमिका आवश्यक रहेका प्राधिकरणका सह निर्देशक नारायणप्रसाद आचार्यले जानकारी दिनुभयो।

प्राधिकरण कर्मचारी सेवा, शर्त नियमावली २०७५ मा व्यवस्था भए बमोजिमको आचरणको उल्लघंन हुने गरी सामाजिक सञ्जालमा कार्यालयको पत्र तथा अन्य अनावश्यक पोष्टहरु नराख्न सूचित गरिएको छ।

अनावश्यक पोष्ट राखेमा वा प्रतिक्रिया दिएमा त्यस्ता कर्मचारीको विवरण संकलन गरी विनियममा भएको व्यवस्था बमोजिम विभागिय कारवाही समेत हुने सूचनामा स्पष्ट पारिएको छ।

# आयोगले नौ प्रकारका सामग्री पठाउने

काठमाडौँ, २५ माघ (रासस)।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले नौ प्रकारका निर्वाचन सामग्री केन्द्रबाटै पठाउने भएको छ। आयोगले नौ प्रकारका निर्वाचन सामग्री केन्द्रबाट पठाउने र ३७ प्रकारका निर्वाचन सामग्री जिल्लामा व्यवस्थापन गर्ने गरी तयारी गरेको सहायक प्रवक्ता प्रकाश न्यौपानेले राससलाई जानकारी दिनुभयो।

आयोगबाट प्रत्येक निर्वाचन क्षेत्रमा पठाइने सामग्रीमा तालिम र मतदान केन्द्रका लागि सुरक्षणशील, छेकाबारा, नउड्ने मसीको मार्कर, स्टाम्प प्याड, प्याडको मसी, दुई प्रकारका स्वस्तिक छाप र मतपेटिका स्टीकर रहेका उहाँले उल्लेख गर्नुभयो।

यसैगरी जिल्लामा व्यवस्थापन गरिने निर्वाचन सामग्रीमा सिलिङ बक्स, अनुसूची फारम, पुसपिन, डायरी (पोल बुकको काम गर्ने), मार्कर पेन, स्केल, स्टापलर मेसिन, स्टाप्लर पिन, स्कीसर्स, ग्लुस्टिक, सोसर (काउन्टिङ डम्पर), पञ्चिङ मेसिन, परिचयपत्र होल्डर, भित्री र बाहिरी कार्ड, पुरुष र महिला कार्ड, मतदाता क्रमसङ्ख्या, मतदान केन्द्र कार्ड, प्लास्टिक झोला, बोरा, सुतली र प्याकिङ टेप रहेका छन्।

त्यस्तै नेपाली कागजको खाम (१० बाइ १५ इन्च), नेपाली खाम कपडा भएको (निविदा मतपत्र राख्ने), सेतो कागज (ए४) ३० पाना, रेकर्ड फाइल (फित्तासहित), धागो, सियो, खाप्सियो, फलाटिन कपडा, सलाइ, कोरा कपडा (दुई मिटरको टुक्रा), जेल पेन कालो र रातो एवं चार वटाको मैनबत्ती प्याकेट पनि जिल्लामै व्यवस्थापन गरिने निर्वाचन सामग्रीका रुपमा सूचीकृत गरिएको आयोगले जनाएको छ।

सूचना ! सूचना ! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रा सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np